इमेलः kbfsundarpur@gmail.com
सम्पर्क नम्वरः ९८५८७५०३९५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
# कृषि विकास फार्म
सुन्दरपुर, कन्चनपुर

प्रकाशित मिती : २०८२/११/०५

## मकै बीउ उत्पादन कार्यक्रमको लागि प्रस्ताव मागको सूचना।।

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द अन्तर्गतको कृषि विकास फार्म सुन्दरपुर कंचनपुरको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **कृषक समुह, सहकारीको समन्वयमा मकै बीउ उत्पादन कार्यक्रम (डोटी र डडेल्धुरा)** कार्यान्वयनका लागि कृषक, कृषक समूह सहकारी, सामुदायिक बीउ बैंक वा अन्य संस्थालाई अनुदान सहयोग कार्यक्रम सञ्चालन गर्नको लागि ईच्छुक सम्पूर्ण आवेदकहरु लाई दरखास्त पेश गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र **कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२** को **अनुसूची-२** बमोजिमको आवेदन र फार्मले तोके बमोजिमको प्राविधिक र आर्थिक प्रस्ताव इच्छुक आवेदकहरुले स्वयं उपस्थित भई/हुलाक/इमेल मार्फत यस केन्द्रमा दर्ता गर्न हुन अनुरोध गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्रास हुन आएका प्रस्तावहरु स्वतः रद्द हुनेछन्।Email मार्फत पठाइएको सम्पूर्ण कागजातहरु PDF FORMAT मा हुनु पर्नेछ। कृषि विभाग तथा मातहतका कार्यालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको वेबसाइट तथा यस फार्मको वेवसाइट (www.kbfsundarpur.gov.np)मा हेर्न र डाउनलोड गर्न सकिने छ ।(नोटः इमेल मार्फत पठाइएको सम्पूर्ण कागजातहरु PDF फर्मेटमा हुनु पर्नेछ।)

| क स | कार्यक्रम संचालन हुने स्थान | लक्ष्य | स्वीकृत बजेट | ५०% अनुदानमा संचालन गर्न सकिने कार्यक्रमहरु | १००% अनुदानमा संचालन गर्न सकिने कृयाकलापहरु |
|---|---|---|---|---|---|
| १ | डोटीः जोरायल गा पा<br>डडेल्धुराः आलिताल गा पा | १० हे | ४.५ लाख | कृषि उत्पादन सामाग्रि (स्रोत बीउ तथा बीउ प्याकेजिङ बोरा, प्रशोधन सामाग्री खरिद) तथा यन्त्र उपकरण खरिद | आकस्मिक विषादी खरिद, वाली निरीक्षण तथा प्रयोगशाला सेवा खरिद, तालिम संचालन |

**संलग्न कागजातहरु:**

(क) व्यावसायिक योजना सहितको पूर्ण प्रस्ताव
(ख) स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि
(ग) संस्थागत बैठकको निर्णय प्रतिलिपि
(घ) संस्था दर्ता, नविकरण तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
(ङ) आवेदकको तर्फबाट आधिकारिक प्रतिनिधि भई अनुदान सम्बन्धी कार्य गर्ने व्यक्ति तोकिएको संस्थागत निर्णयसहित उक्त प्रतिनिधिको नागरिकताको प्रतिलिपि र नमूना दस्तखत
(च) उन्नत बीउ विजन उत्पादन तथा विक्रि वितरण सम्बन्धी अनुमतीपत्रको प्रतिलिपि

बासुदेव भट्टराई
नि. कार्यालय प्रमुख